बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

*गोप्य । अत्यन्त जरूरी*

प.सं. बी.सं. २०३।०७७।७८ मितिः- २०७८।०१।०३

च.न.४११४

श्री दिपेन्द्र अग्रवालज्यु

संचालक,

जनरल इन्सुरेन्स कम्पनी नेपाल लि.

हात्तीसार, काठमांडौ, नेपाल

विषयः संचालक समितिको सदस्य पदबाट निलम्बन गरिएको ।

यस समितिको मिति २०७७।१२।२२ (मा.सं.शा. ३१६ (०७७/७८) च.नं. ३९५८) को पत्रानुसार तहां बीमकको मिति २०७७।१२।२२ देखि मिति २०७७।१२।२३ सम्म स्थलगत निरीक्षण गरिएकोमा प्राप्त प्रतिवेदन बमोजिम तपाई बीमकको संचालक समितिका सदस्य तथा लगानी समितिका संयोजक श्री दिपेन्द्र अग्रवाल समेत संलग्न भई विभिन्न अनियमितताहरू पाईएको छ।

१) बीमकको लगानी निर्देशिका, २०७५ को दफा ४ (२) को अनुसूची-२ को क्र.सं. २ मा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय वजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा कूल टेक्निकल रिजर्भको दश प्रतिशत सम्म लागनी गर्न मिल्ने व्यवस्था भएकोमा सो व्यवस्था तथा सीमा भित्र रही बीमकले लगानी गरेको। यसैगरी, बीमकको लगानी निर्देशिका, २०७५ को दफा ८(१) मा बीमकले कूल टेक्निकल रिजर्भको आधारमा कायम गर्नुपर्ने लगानीको सीमा प्रत्येक दिन कायम गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा मिति २०७७/१२/२३ गते सम्ममा सो व्यवस्थाको पालना नहुने गरी लगानी गरेको पाइयो। बीमा समितिबाट स्वीकृत भएको बीमकको आ.व. २०७५/७६ को वित्तीय विवरण बमोजिम कुल टेक्निकल रिजर्भ रू.९,३५,३९,४७५ रहेको र सोको १० प्रतिशतको सीमा भित्र रही धितोपत्र विनिमय वजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानी गर्नु पर्नेमा बीमकले १५५ प्रतिशत सम्म लगानी गरेको पाइयो। यसै गरी बीमा समितिबाट स्वीकृत भएको बीमकको आ.व. २०७६/७७ को वित्तीय विवरण बमोजिम कुल टेक्निकल रिजर्भ रू. १५,७५,०७२८३ रहेको र सोको १० प्रतिशतको सीमा भित्र रही धितोपत्र विनिमय वजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानी गर्नु पर्नेमा बीमकले ६४ प्रतिशत सम्म लगानी गरेको पाइयो। बीमकको लगानी, जोखिम व्यवस्थापन तथा वित्तीय स्वस्थता उप समितिको बैठक मिति २०७७/०८/२६ देखि बीमकको यस आकस्मिक निरीक्षण भएको मिति २०७७/१२/२२ सम्म कुनै पनि बैठक भएको नदेखिएको तर यस अवधिमा समेत लगानी गरेको।

बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

२) कम्पनी ऐन, २०६३ को दफा ९५ को उपदफा ६(घ) मा, कम्पनीको कोषमा रहेको रकम संचालक समितिको निर्णय बमोजिम बाहेक लगानी गर्न नपाउने व्यवस्था रहेकोमा बीमकले संचालक समितिवाट निर्णय नगरी बीमकको कोषमा रहेको रकम लगानी गरेको।

३) संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७५ को दफा ४९ को उप दफा १ (च) मा आफ्नो संस्थापक शेयरधनी, संचालक समितिको कुनै सदस्य संचालक भएको वा त्यस्तो सदस्य वा निजको एकाघरको परिवारको सदस्यको वित्तीय स्वार्थ रहेको कुनै कम्पनी, व्यक्ति , फर्म वा संगठीत संस्थामा कुनै पनि किसिमको लगानी गर्न हुँदैन भन्ने व्यवस्था विपरीत हुने गरी बीमकले गोर्खा फाईनान्स, सिभिल बैक लि. लगायतका आफ्नै संस्थापक शेयर धनी रहेको संस्थाको दोस्रो बजारवाट खरिद बीक्री गरेको ।

४) कम्पनी ऐन, २०६३ को दफा ६१ (१) मा कम्पनीले आफ्नो शेयर आफै खरिद गर्न ( बाई व्याक ) गर्न वा जमानतमा राखी ऋण दिनु हुन्दैन भन्ने व्यवस्था रहेको र यदी खरिद गर्नु परेमासोहि ऐनको दफा ६१(२) मा भएका अवस्थाहरू पालना हुनु पर्नेमा बीमकले मिति २०२१ फेव्रवेरी २५ मा उक्त अवस्थाहरूको पालना नगरी आफ्नो शेयर आफै खरिद गरेको ।

५) बीमकको लगानी, जोखिम व्यवस्थापन तथा वित्तीय स्वस्थता समितिले मिति २०७५/०९/०५ गते, मिति २०७५/१०/०९ गते, २०७६/०३/०५ गते र मिति २०७६/०५/१० गते विभिन्न मितिमा गरेको लगानीलाई स्वीकृतिको लागि सञ्चालक समितिमा स्वीकृतिको लागि पेश गर्ने भन्ने निर्णय गरेकोमा उक्त विषय सञ्चालक समितिमा पेश गरको नपाइएको।

६) बीमकले सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानीसम्बन्धी कारोबार **Shree Krishna Securities Ltd.** र **Sumeru Securiteis Pvt. Ltd.** मार्फत गर्ने गरेको पाइएता पनि उक्त शेयर दलालहरू मार्फत कारोबार गर्ने, धितोपत्र कारोबार गर्न ग्राहक परिचय विवरण भर्ने, **Nepal Stock Exchange Trade Management System**को **Username** तथा **Password** लिने र उक्त **username** तथा **password** लिई कारोबार गर्नको लागि अख्तियार प्राप्त अधिकारी को हो भन्ने विषयमा सञ्चालक समितिको निर्यण नभएको तथा शेयर खरीद तथा व्रिक्रीको लिखित आदेश नदिएको अवस्थामा समेत शेयरको कारोबार भने गरिरहेको।

७) बीमकको मिति २०७५/११/१२ गते बसेको सञ्चालक समितिको बैठकबाट बीमकको छुट्टै नीति बनाउन लगानी, जोखिम व्यवस्थापन तथा वित्तीय स्वस्थता समितिलाई निर्देशन दिएको साथै, मिति २०७५/१२/१७ गते बसेको सञ्चालक समितिको बैठकबाट बीमकको लगानी नीति बनाई सञ्चालक समितिमा पेश गर्न व्यवस्थापनलाई निर्देशन दिने निर्णय भएकोमा सो निर्णयको कार्यान्वयन नभएको ।

८) बीमकको सोल्भेन्सी मार्जिन १.५ भन्दा कम हुँदा समेत बीमकको लगानी, जोखिम व्यवस्थापन तथा वित्तीय स्वस्थता समितिले जोखिमको विश्लेषण तर्फ ध्यान नदिई लगानी गरेको ।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np

बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

९) बीमकको लगानी निर्देशिका, २०७५ को दफा ४ (२) को अनुसूची-२ को क्र.सं. २ को लगानीको शर्तमा शेयर लगानी गरीने कम्पनिको पाँच प्रतिशत भन्दा वढी हुने गरी लागनी गर्न नपाईने भन्ने व्यवस्था भएकोमा बीमकले रू ९९,८३,२३,२००।– चुक्ता पूँजी रहेको अरूण भ्याली हाईड्रो पावर क.लि. को साधरण शेयरमा मिति २०२० अक्टोवर ५ मा २,१९,११६ कित्ता मा रू ५,१८,१३,१४९.२२ (५.१९ प्रतिशत) र मिति २०२० डेम्वर ८ मा २,४६,४४४ कित्ता शेयर रू ६,३९,६६,९९७.३० (६.४१ प्रतिशत) खरिद गरेको।

१०) बीमकले समितिको पूर्व स्वीकृति बीना तथा बीमकको जोखिम समेत मूल्याङ्कन नगरी एवं निर्देशिकाको सीमा समेत उलंघन गरी शेयर बजारमा लगानी गरेको ।

११) बीमकले सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानीसम्बन्धी कारोबार **Shree Krishna Securities Ltd.** र **Sumeru Securiteis Pvt. Ltd.** मार्फत गर्ने गरेको पाइएता पनि उक्त शेयर दलालहरू मार्फत कारोबार गर्दा बीमकले लिन बाँकी रहेको रकम लामो समय सम्म भुक्तानी बीमकको बैक खातामा दाखिला नभएको ।

१२) बीमकले आफ्नो डिम्याट खातामा रहेको प्रत्येक शेयरसंग शेयरको कारोबार गर्ने शेयर दलालले तयार गरेको बीमकको कारोबारको खाता र बीमकले तयार गरेको शेयर दलालसंगको हिसाब खाताको हिसाब मिलान नगरेको ।

यस प्रकार प्राप्त प्रतिवेदन बमोजिम कम्पनीको आर्थिक क्रियाकलापमा प्रचलित कानून तथा समितिबाट जारी निर्देशिकाको पालना गरी सुशासन कायम गरी कार्य गर्नु पर्नेमा यस समितिबाट जारी निर्देशनको जानीजानी उल्लंघन गरी बीमा ऐन २०४९को दफा ३६(१) बमोजिमको कार्य गरेकोले बीमकको लगानी उपसमिति तथा सोमा संलग्न तपाई संचालक समितका सदस्य दिपेन्द्र अग्रवाललाई संचालक पदबाट निलम्वन गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराईएको छ।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

बोधार्थः
१) श्रीमान अध्यक्षज्यूको सचिवालय
बीमा समिति।
२) संचालक समिति
जनरल ईन्स्योरेन्स कम्पनी नेपाल लि.
हात्तीसार काठमाण्डौ।